लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
स्था. २०७३

प.सं. :२०८३/०८४
सू.नं.: ९१

सुदूरपश्चिम प्रदेश, नेपाल

रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको विवरण यकिन गर्ने सम्बन्धमा अत्यन्त जरुरी सूचना।

(सूचना प्रकाशित मितिः २०८३/०६/२९)

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको प.सं.२०८३/०८४ च.नं१६५२ मितिः-२०८३/०६/२७ गतेको प्राप्त पत्र अनुसार, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ तथा "रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३" बमोजिम रसुवा भोटेकोशी बाढीमा बेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण यकिन गर्नुपर्ने भएकाले लालझाडी गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित व्यक्ति, परिवारका सदस्य तथा हकवालाहरूलाई आवश्यक कागजात सहित मिति २०८३/०७/१२ भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्नका लागि देहाय बमोजिमका कागजातहरू संलग्न गरी निवेदन पेस गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरू:-

१. बेपत्ता व्यक्तिको नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजातको प्रतिलिपि।
२. निवेदकको बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
३. एकाघर परिवारका सदस्य नभएको अवस्थामा "रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३" को (क) को बुदा नं-३ मा ब्यवस्था भए बमोजिमको निवेदन।
४. तोकिएको ढाँचा बमोजिम रसुवा भोटेकोशी बाढीमा बेपत्ता भएको हो भन्ने निवेदकको स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर खुल्ने विवरण सहितको निवेदन।

सम्बन्धित व्यक्तिहरूले यस सूचना साथ संलग्न निवेदनको ढाँचा तथा स्वघोषणाको ढाँचा बमोजिम विवरण भरी आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा पेस गर्नुहुन अनुरोध छ।

- सम्बन्धित वडा कार्यालयहरूले आफ्नो वडाभित्रका सरोकारवाला व्यक्तिहरूलाई यसबारे जानकारी गराई आवश्यक समन्वय तथा सहजीकरण गर्नुका साथै प्राप्त निवेदन तथा कागजातहरू रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ बमोजिम आवश्यक कारबाहीका लागि स्थानीय विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन समितिमा सिफारिस गर्न हुन अनुरोध छ।

(हिमाल डगौरा)
प्रमुख प्रशासकीय अधिकृत